## बैठक संख्या: ७१

आज मिति २०८३।०२।१४ गतेका बिहान ८:०० बजे माडी नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्युको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | अमित कुमार लामा | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | दण्डपाणी पौडेल | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | पुरन महतो | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | माधव प्रसाद चापागाइ | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडा अध्यक्ष वडा नं.७ | |
| १० | बीरेन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | घनश्याम दवाडी | वडा अध्यक्ष वडा नं.९ | |
| १२ | रिचा सुनार | कार्यपलिका सदस्य | |
| १३ | सबिता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देबी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुबेदी | कार्यपालिका सदस्य | |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

# ७१ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१.** माडी नगरपालिकाको ७० औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो।

**निर्णय नं.२.** माडी नगरपालिकाको १८ औं नगरसभा मिति २०८३।०३।०५ गते बिहान ११ बजे नगरपालिकाको सभाहलमा हुनेगरी आह्वान गर्ने र आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम मिति २०८३।०३।०५ गते र बजेट बक्तव्य मिति २०८३।०३।०८ गते नगरसभामा पेश गर्ने ।

**निर्णय नं.३.** संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८३।०१।१४ को पत्रानुसार अनुसारको दरबन्दी सिर्जना/पुनरावलोकन तथा पद दर्ता सम्बन्धमा संक्षिप्त सर्वेक्षण गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को दफा ५(३) बमोजिम पूर्वस्वीकृती प्रदान गर्ने ।

**निर्णय नं.४.** वडा नं. १ को कार्यालयको चलानी नं. १४९७ मिति २०८३।०२।०१ को पत्र साथ विवरण अनुसारको जग्गा नगरपालिकाको विविध प्रयोजनका लागि निशुल्क प्राप्त गर्न उपयुक्त रहेकाले जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी ज्यु समक्ष पेश गर्ने ।

**निर्णय नं.५.** माडी नगरपालिका अन्तर्गत विभिन्न वडाहरुको सडक बत्तीहरुको भुक्तानीका लागि मिति २०८३।०२।१२ च.नं. २५ मार्फत नेपाल विद्युत प्राधिकरण चनौली शाखा मार्फत पत्रानुसार र संलग्न विलअनुसारको रकम रु. १७,८४,४६९।-१८ नेपाल विद्युत प्राधिकरणलाई नगरपालिकाको पानी तथा बिजुली मुल्य अभिवृद्धि कर तथा संघ र प्रदेश सरकार रकम फिर्ता र विविध कार्यक्रम खर्च शिर्षकहरुबाट भुक्तानी गर्ने ।

**निर्णय नं.६.** यस नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माणकर्ता परामर्शदाता आलाना ईन्टरनेशल सर्विसेस् प्रा.लि. मार्फत प्राप्त माडी नगरपालिकाको राजश्व सुधार कार्ययोजना स्विकृत गरी ग्रहण गर्ने र राजश्व परामर्श समितिलाई कार्यान्वयनको लागि निर्देशन दिने।

**निर्णय नं. ७.** पशुपन्छी तथा मत्स्य विकास शाखाको आ.व. २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सशर्त तर्फको दुध संकलन केन्द्र निर्माण (चिलिङ भ्याट खरिद तथा जडान समेत)को लागि ८०,००,०००।— (अक्षरूपी असी लाख मात्र) रकम विनियोजन भएको र उक्त कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आहवान गरिएकोमा १० वटा प्रस्ताव पेश भएको र माडी नगरपालिकाको प्रस्ताव मुल्याङ्कन,अनुगमन तथा छनौट समितले निर्धारण गरेको न्यूनतम दररेटको आधारमा खरिद गर्ने गरि स्थलगत अनुगमनको आधारमा छनौट भएका साझेदारहरूलाइ तपसिल बमोजिमको सामाग्री खरिद तथा पूर्वाधार निर्माण गरि कुल रकम रू. १,१३,३९,००० ।- को ५०% ले हुन आउने रकम रू. ५६,६९,५००।— रकम साझेदार संस्था वा कृषकहरूको लागत सहभागिता रहने गरि दुध संकलन केन्द्र निर्माणसंग सम्बन्धित कार्य गर्न माग भए बमोजिम कार्यक्रमलाई अगाडी बढाउने ।

| S.N. | Equipment name | Quantity | Unit | Minimum per unit price | Total |
|---|---|---|---|---|---|
| 1 | chilling vat 2000 ltr | 1 | Pcs | 660000 | 660000 |
| 2 | batch pasteurizer 500itr | 1 | Pcs | 170000 | 170000 |
| 3 | batch pasteurizer 300itr | 2 | Pcs | 145000 | 145000 |
| 4 | curd mixture machine 200ltr | 1 | Pcs | 74750 | 74750 |
| 5 | vaccum packaging machine | 1 | Pcs | 60720 | 60720 |
| 6 | ss milk can 5ltr | 85 | Pcs | 960 | 960 |
| 7 | ss milk can 10ltr | 107 | Pcs | 1730 | 185110 |
| 8 | ss milk can 20ltr | 38 | Pcs | 7515 | 285570 |
| 9 | ss milk can 30ltr | 20 | Pcs | 8900 | 178000 |

तारा कुमारी काजी
नगर प्रमुख

... प्रसाद भुसाल
... अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| 10 | ss milk can 40ltr | 21 | Pcs | 10200 | 214200 |
| 11 | Milk dump tank 200 ltr | 3 | Pcs | 40000 | 120000 |
| 12 | cream separator machine 325lph | 2 | Pcs | 53000 | 106000 |
| 13 | milk analyzer | 11 | Pcs | 100000 | 1100000 |
| 14 | khuwa machine 120 ltr | 1 | Pcs | 160000 | 160000 |
| 15 | Computer set | 2 | Pcs | 51750 | 103500 |
| 16 | Theral Receipt printer | 1 | Pcs | 35000 | 35000 |
| 17 | printer dotmatrix | 3 | Pcs | 45000 | 135000 |
| 18 | Auto disel | 3 | Pcs | 800000 | 2400000 |
| 19 | Digital weighting machine 60 kg | 2 | Pcs | 11000 | 22000 |
| 20 | printer | 1 | Pcs | 35000 | 35000 |
| 21 | petrol run generator 6.5 kw | 1 | Pcs | 125000 | 125000 |
| 22 | Bucket 10ltr | 7 | Pcs | 700 | 4900 |
| 23 | D freeze 300ltr | 3 | Pcs | 69000 | 207000 |
| 24 | D freeze 190 ltr | 2 | Pcs | 47460 | 94920 |
| 25 | Electric auto having lithim battery | 2 | Pcs | 510000 | 1020000 |
| 26 | Electric auto having lead acid battery | 1 | Pcs | 390000 | 390000 |
| 27 | Digital weighting machine 100 kg | 1 | Pcs | 14000 | 14000 |
| 28 | Digital weighting machine 100 ltr | 1 | Pcs | 14000 | 14000 |
| 29 | milking Machine | 1 | Pcs | 128000 | 128000 |
| 30 | Refrigerator van | 1 | Pcs | 924000 | 924000 |
| 31 | Erp dairy software | 1 | Pcs | 50000 | 50000 |
| 32 | Digital weighing machine 200kg | 1 | Pcs | 20000 | 20000 |
| 33 | Digital weighing machine 200ltr | 1 | Pcs | 19210 | 19210 |
| 34 | Digital weighing machine 300kg | 1 | Pcs | 27000 | 27000 |
| 35 | D freeze 400ltr | 4 | Pcs | 65540 | 262160 |
| 36 | chilling vat 1000 ltr | 1 | Pcs | 450000 | 450000 |
| 37 | D freeze 340ltr | 1 | Pcs | 69000 | 69000 |
| 38 | D freeze 340ltr duel temp | 1 | Pcs | 55000 | 55000 |
| 39 | freeze show case 350ltr temp | 1 | Pcs | 75000 | 75000 |
| 40 | Chilling vat 500 lit | 1 | Pcs | 249000 | 249000 |
| 41 | construction | | | | 950000 |
| **Grand total** | | | | | **113,39,000** |
| **Municipality contribution** | | | | | **56,69,500** |
| **User Contribution** | | | | | **56,69,500** |

निर्णय नं.८. पशुपन्छी तथा मत्स्य विकास शाखाको आ.व. २०८२।८३ को वार्षिक कार्यक्रम अन्तर्गत बाखाहरूमा पि.पि.आर. रोग विरूद्धको खोप कार्यक्रमको लागि मिति २०८३।०१।१० गतेका दिन माडी नगरपालिका वडा नं ०२ को हातेमालो टोलमा खोप कर्ताहरूबाट खोप लगाईएका मध्ये केही बाखाहरूमा खोपको नकारात्मक प्रभावका कारण २८ वटा बाखा मरेका हुदाँ उक्त टोलबाट क्षति पुर्ति मागको लागि शाखामा निवेदन पेश आएको र माडी नगरपालिका वडा नं. ४ को लिलावती महतोले पालेका ६ वटा बंगुरका पाठाहरूमा खोरेतको खोप लगाए पश्चात खोपको नकारात्मक प्रभावको कारणले उक्त बंगुरका पाठाहरू मरेको हुँदा उक्त घटनाहरूको छानविन गरि पशु सेवा पानशाखाको प्रतिवेदन, आवश्यक कागजात र आर्थिक विकास समितिको निर्णय बमोजिम राहत रकम निर्धारण गरि पशु सेवा शाखाको विपन्न लक्षित मागमा आधारित पशुपालन प्रवर्द्धन कार्यक्रम शीर्षकबाट राहत स्वरूप उपलब्ध गराउने ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत